**दलित गैर सरकारी संस्था महासंघको आयोजनामा आयोजित कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष श्री अनूप राज शर्माको मन्तव्य**

**यस कार्यक्रमका अध्यक्ष, आमन्त्रित सम्पूर्ण विशिष्ट व्यक्तित्वहरू**

दलित गैर सरकारी संस्था महासंघ (Dalit NGO Federaton, DNF) ले नेपाल सरकारबाट मस्यौदा भएको पाँचौ मानव अधिकार कार्ययोजनामा दलित, महिला र LGBTIQA लगायत सीमान्तीकृत समुदायको दृष्टिकोणबाट छलफल गरी आवश्यक सुझाव दिने उद्देश्यले आयोजना गरेको यस छलफल कार्यक्रममा मलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरी आफ्ना भनाइहरू राख्न तथा यहाँहरूको धारणा समेत सुन्ने अवसर दिनुभएकोमा आयोजक संस्था दलित गैर सरकारी संस्था महासंघलाई धन्यवाद दिन चाहन्छु ।

नेपाल सरकारले तयार पारेको पाँचौ मानव अधिकार राष्ट्रिय कार्ययोजना विस्तृत रुपमा मस्यौदा भएको छ। तयार गरिएको कार्ययोजनामा सरकारको तर्फबाट सरोकारवाला निकायहरूसँग सुझाव संकलन गर्ने कार्य भइरहेको छ । राष्ट्रिय मानव अधिकार आयोगले पनि यस कार्ययोजनामा आफ्नो सुझाव तयार गरिरहेको छ । आजको छलफल कार्यक्रमबाट प्राप्त हुने सुझावहरूले पनि राष्ट्रिय मानव अधिकार आयोगले नेपाल सरकारलाई उपलब्ध गराउने सुझावहरूमा छुट्न गएका विषयहरू समावेश गर्नको लागि मद्दत पुग्ने आशा गरेको छु ।

आयोगले जातीय भेदभाव तथा छुवाछूत विरुद्धको अधिकार अवस्था सम्बन्धमा अनुगमन गरी अनुगमन प्रतिवेदन २०७६ प्रकाशन समेत गरेको छ । उक्त प्रतिवेदन मार्फत नेपाल सरकारलाई, राजनीतिक दलहरूलाई, संचार माध्यमलाई, नागरिक समाज तथा गैर सरकारी संस्थालाई र संवैधानिक आयोगहरूलाई समेत बुँदागत रुपमा सिफारिस समेत गरेको छ। त्यसैगरी जबरजस्ती करणीमा परेका महिलाको मानव अधिकार एवंम् न्यायमा पहुँचमा नेपाल प्रहरीको जवाफदेहिता विषयमा अध्ययन प्रतिवेदन सार्वजनिक गरेको छ। यस प्रतिवेदन मार्फत नेपाल सरकार, प्रदेश तथा स्थानीय सरकार र नेपाल प्रहरी, राजनीतिक दल र नागरिक समाजलाई आवश्यक सिफारिस समेत गरेका छ। साथै आयोगले अन्य विषयगत रुपमा समेत अध्ययन प्रतिवेदन सार्वजनिक गरी सो सम्बन्धमा आवश्यक सुधारका लागि नेपाल सरकारलाई सिफारिस गरेकोछ ।

LGBTIQA को विषय लगायत अन्य सीमान्तीकृत समुदायहरूको मानव अधिकार अवस्था सम्बन्धमा आयोगबाट अनुगमन कार्य भइरहेको छ। त्यस बाहेक प्रदेश स्तरीय छलफल तथा अर्न्तक्रिया कार्यक्रमहरू आयोगले गरिरहेकोछ। LGBTIQA को विषयमा आयोगले छिट्टै नै प्रतिवेदन प्रकाशन गर्नेछ। राष्ट्रिय मानव अधिकार आयोगको विस्तृत विवेचना र सहकार्य गरी हाम्रो स्थितिको..सम्बन्धमा हाम्रो वार्षिक प्रतिवेदन यहि २२ गते राष्ट्रपति समक्ष पेश गर्ने कार्यक्रम रहेको छ।

नेपाल सरकारले दलित, महिला तथा सीमान्तीकृत समुदायको मानव अधिकार संरक्षणका लागि कानूनी पक्षमा धेरै नै सुधारको फड्को गरेको छ। तर कार्यान्वयन पक्षमा अपेक्षित रुपमा कार्य हुन सकेको छैन। आर्थिक, सामाजिक, सास्कृतिक, शैक्षिक र राजनितिक पक्षमा अझै पनि सीमान्तीकृत समुदायहरूको अवस्थामा सुधार हुन सकिरहेको छैन। निर्माण भएका कानून, नीति, नियम तथा कार्यक्रम र योजनाहरूको प्रभावकारी कार्यान्वयनको अभाव भने खड्किनै रहेको अवस्था छ। कतिपय विषयहरूमा सचेतनाको अभाव तथा मानव अधिकार शिक्षाको अभाव, परम्परागत सोच र मान्यताको कारणले गर्दा पनि दैनिक व्यवहारमा परिवर्तन हुन कठिनाई र समय लिइरहेको छ। अब मानव अधिकारको सिद्धान्तलाई आत्मसात् गरी परिवर्तनलाई स्वीकार गर्दै निर्माण भएका राम्रा कानूनी व्ययवस्थाहरूलाई प्रभावकारी कार्यान्वयन गर्ने त्यस्तो मानवीय स्रोतको खाँचो रहेको छ। विद्यालय तथा विश्व विद्यालयका पाठ्यक्रमहरूमा मानव अधिकार शिक्षा भित्र पनि सीमान्तीकृत समुदायहरूको मानव अधिकारको विषयहरू समावेश गरी मानव अधिकार शिक्षालाई जोड दिनुपर्ने देखिएको छ।

हामीकहाँ विगतमा पनि कार्ययोजना बने, ती मध्ये के कति कार्ययोजनाको कार्यान्वयन भयो ? कार्ययोजना कार्यान्वयनको प्रभाव के कस्तो रह्यो भन्ने सम्बन्धमा समीक्षा हुनुपर्दछ र अब गर्नुपर्ने ठोस कार्यमा जोड दिइनुपर्दछ। महिला, दलित तथा सीमान्तीकृत समुदायको संरक्षण, सशक्तिकरण र विकासमा जोड दिनुपर्दछ। दण्डहीनताको संस्कृतिलाई हामीले अन्त्य गर्नु जरुरी छ। आजको यस छलफलले नेपाल सरकारले तयार गरेको मस्यौदाको रुपमा रहेको कार्ययोजनालाई पूर्ण बनाउनको लागि थप सहयोग पुग्दछ भन्ने लागेकोछ। यस्ता किसिमका विषयगत छलफलहरू हुनुपर्दछ।

अन्त्यमा, दलित, महिला तथा सीमान्तीकृत समुदायको मानव अधिकार संरक्षण र सम्वर्धन र सोको कार्यान्वयनका लागि राष्ट्रिय मानव अधिकार आयोग सदैव आफ्नो दायित्व निर्वाहमा प्रयासरथ रहेको छ। यस दायित्व पूरा गर्नको लागि यहाँहरू जस्ता संस्थाहरूको साथ र सहयोगको निरन्तरताले नै सबै कार्य सहज र सरल रुपमा सम्पन्न गर्न सकिन्छ भन्ने मेरो विश्वास रहेको छ।

धन्यवाद

२०७६ साल मंसिर १६ गते